भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल

# सातौं प्रबन्ध समितिको निर्वाचन कार्यक्रम

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट) को संशोधित विधान अनुसार सातौं प्रबन्ध समितिको निर्वाचन वि.स. २०८१ साल श्रावण १३ गते तदनुसार सन् २०२४ जुलाई २८ तारिख आईतबारका दिन बिहान १० बजे देखि शुरु हुने सार्वजनिक सूचना गोरखापत्र दैनिकमा मिति २०८१ साल असार २७ गते (सन् २०२४ जुलाई ११ तारिख) बिहीबार प्रकाशित भईसकेको छ । उक्त निर्वाचन सम्पन्न गर्न समाजको विधानको परिच्छेद (६) को दफा २१ को उपदफा (घ) अनुसार प्रबन्ध समितिले १ सदस्यीय निर्वाचन समिति गठन गरी म सुधार मान तुलाधरलाई निर्वाचन संयोजकको हैसियतले निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी सुम्पेको छ । समाजको विधानको पाँचौं संशोधन अनुसार थप गरिएको परिच्छेद ३ को दफा १३ को (ग) अनुसार "प्रबन्ध समिति गठन गर्दा **लैङ्गिक समावेशिता**लाई स्थान दिइने छ" भन्ने प्रावधानलाई पनि ध्यान दिई निर्वाचन कार्यक्रम सम्पन्न गरिनेछ । निर्वाचन कार्यक्रम अन्तर्गत मतदान, मत गणना तथा निर्वाचन परिणामको घोषणा गर्ने कार्य बाहेक अन्य तयारीका काम अग्रिम रुपमा पूरा गर्ने उदेश्यका साथ निर्वाचन कार्यक्रम तयार गरी प्रकाशन गरेको छु । समाजका समस्त सदस्यहरु सक्रिय रुपमा भौतिक रुपमा उपस्थित भएर वा विद्युतीय माध्यम (Online/ZOOM/Email) बाट सहभागी हुनुहुनेछ भन्ने अपेक्षा गरेको छु ।

**सातौं प्रबन्ध समितिका निर्वाचन कार्यक्रम तालिका :**

**२०८१ श्रावण ८ गते मंगलबार**

१०:०० - १९:३० बजे — **<u>मतदाता नामावली प्रकाशन</u>**

**२०८१ श्रावण ९ गते बुधबार**

१०:०० बजे देखि **११ गते शुक्रबार** १२ बजे सम्म — **उम्मेदवारी मनोनयन पत्र दर्ता**

निर्वाचन संयोजकबाट उम्मेदवारी मनोनयन दर्ता पत्र प्राप्त गरी वरिष्ठ सदस्यले उम्मेदवारको रुपमा दुईजना सदस्यको समर्थन सहित बुझाउनु पर्नेछ ।

भौतिकरुपमा उपस्थित हुन नसक्ने भएमा इच्छुक सदस्यले निर्वाचन संयोजकले उपलब्ध गराएको Online फारममा २ जना समर्थकको नाम समेत भरेर Submit गर्नु पर्नेछ । समर्थकहरुले इमेल मार्फत समर्थनको पुष्टि गर्नु पर्नेछ ।

**२०८१ श्रावण ११ गते शुक्रबार**

१२:०० - १२:३० बजे — **उम्मेदवारहरुको प्रारम्भिक नामावली प्रकाशन**

१२:३० - १५:०० बजे — **उम्मेदवारहरुको नामावलीमा दाबी विरोध** भएमा इच्छुक सदस्यले इमेल ठेगाना smtuladhar@nset.org.np मार्फत जानकारी दिएमा पनि मान्य हुनेछ ।

१५:०० - १६:३० बजे — **उम्मेदवारीबाट नाम फिर्ता लिने**

कुनै उम्मेदवारले उम्मेदवारीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन संयोजकबाट निर्दीस्त फारम प्राप्त गरी भरेर दस्तखत गरी बुझाउनु पर्नेछ ।

भौतिकरुपमा उपस्थित हुन् नसक्ने भएमा इच्छुक सदस्यले इमेल ठेगाना smtuladhar@nset.org.np मार्फत जानकारी दिएमा पनि मान्य हुनेछ ।

१६:३०-१७:०० बजे — **उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन**

**२०८१ श्रावण १३ गते आईतबार**

१०:००-१२:०० बजे — **मतदान**

आवश्यक संख्या भन्दा बढी उम्मेदवार भएमा मतदानको कार्यक्रम हुनेछ । एकजना सदस्यलाई एउटा मतपत्र दिइनेछ । उक्त मतपत्रमा उल्लेखित उम्मेदवारहरुमध्ये ६ जना उम्मेदवारको नामको दाहिनेतर्फको कोष्ठमा √ चिन्ह लगाएर मतपेटिकामा खसाल्नु पर्नेछ । भौतिकरुपमा उपस्थित हुन नसक्ने भएमा इच्छुक सदस्यले निवार्चन संयोजकले उपलब्ध गराएको Online फारममा चिन्ह लगाई निश्चित समयावधि भित्र Submit गर्नु पर्नेछ ।

१२:००-१२:३० बजे — **मत गणना तथा निर्वाचन परिणामको घोषणा**

(क) मतदान सकिएपछि उम्मेदवारका प्रतिनिधिहरुको रोहवरमा मत गणना गरिनेछ । अधिक मत प्राप्त गरेको आधारमा ६ जना उम्मेदवारहरुलाई विजयी घोषणा गरिनेछ ।

(ख) आवश्यक संख्या (६ जना) को मात्र उम्मेदवारी दर्ता भएमा नाम दर्ता भएका उम्मेदवारहरुलाई नै निर्विरोध निर्वाचित भएको घोषणा गरिनेछ ।

(ग) आवश्यक संख्या (६ जना) भन्दा **कम** उम्मेदवारी दर्ता भएमा अर्को सूचना प्रकाशित गरी पुनः र्निवाचन गराइनेछ ।

**मतदान हुने स्थान** : समाजको कार्यालय, भूकम्प अध्ययन सामुदायिक केन्द्र, "हिन्डोल" सभा कक्ष, भैंसेपाटी, ललितपुर तथा Online/ZOOM/Email बाट ।

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल

# सातौं प्रबन्ध समितिको निर्वाचन कार्यक्रम

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट) को संशोधित विधान अनुसार सातौं प्रबन्ध समितिको निर्वाचन वि.स. २०८१ साल श्रावण १३ गते तदनुसार सन् २०२४ जुलाई २८ तारिख आईतबारका दिन बिहान १० बजे देखि शुरु हुने सार्वजनिक सूचना गोरखापत्र दैनिकमा मिति २०८१ साल असार २७ गते (सन् २०२४ जुलाई ११ तारिख) बिहीबार प्रकाशित भईसकेको छ। उक्त निर्वाचन सम्पन्न गर्न समाजको विधानको परिच्छेद (६) को दफा २१ को उपदफा (घ) अनुसार प्रबन्ध समितिले १ सदस्यीय निर्वाचन समिति गठन गरी म सुधार मान तुलाधरलाई निर्वाचन संयोजकको हैसियतले निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी सुम्पेको छ। समाजको विधानको पाँचौं संशोधन अनुसार थप गरिएको परिछेद ३ को दफा १३ को (ग) अनुसार "प्रबन्ध समिति गठन गर्दा **लैङ्गिक समावेशिता**लाई स्थान दिइने छ" भन्ने प्रावधानलाई पनि ध्यान दिई निर्वाचन कार्यक्रम सम्पन्न गरिनेछ। निर्वाचन कार्यक्रम अन्तर्गत मतदान, मत गणना तथा निर्वाचन परिणामको घोषणा गर्ने कार्य बाहेक अन्य तयारीका काम अग्रिम रुपमा पूरा गर्ने उद्देश्यका साथ निर्वाचन कार्यक्रम तयार गरी प्रकाशन गरेको छु। समाजका समस्त सदस्यहरु सक्रिय रुपमा भौतिक रुपमा उपस्थित भएर वा विद्युतीय माध्यम (Online/ZOOM/Email) बाट सहभागी हुनुहुनेछ भन्ने अपेक्षा गरेको छु।

**सातौं प्रबन्ध समितिका निर्वाचन कार्यक्रम तालिका :**

**२०८१ श्रावण ८ गते मंगलबार**

१०:०० - १९:३० बजे — <u>मतदाता नामावली प्रकाशन</u>

**२०८१ श्रावण ९ गते बुधबार**

१०:०० बजे देखि **११ गते शुक्रबार** १२ बजे सम्म — **<u>उम्मेदवारी मनोनयन पत्र दर्ता</u>**

निर्वाचन संयोजकबाट उम्मेदवारी मनोनयन दर्ता पत्र प्राप्त गरी वरिष्ठ सदस्यले उम्मेदवारको रुपमा दुईजना सदस्यको समर्थन सहित बुझाउनु पर्नेछ।

भौतिकरुपमा उपस्थित हुन नसक्ने भएमा इच्छुक सदस्यले निर्वाचन संयोजकले उपलब्ध गराएको Online फारममा २ जना समर्थकको नाम समेत भरेर Submit गर्नु पर्नेछ। समर्थकहरुले इमेल मार्फत समर्थनको पुष्टि गर्नु पर्नेछ।

**२०८१ श्रावण ११ गते शुक्रबार**

१२:०० - १२:३० बजे — **<u>उम्मेदवारहरुको प्रारम्भिक नामावली प्रकाशन</u>**

१२:३० - १५:०० बजे — **उम्मेदवारहरुको नामावलीमा दाबी विरोध** भएमा इच्छुक सदस्यले इमेल ठेगाना smtuladhar@nset.org.np मार्फत जानकारी दिएमा पनि मान्य हुनेछ।

१५:०० - १६:३० बजे — **<u>उम्मेदवारीबाट नाम फिर्ता लिने</u>**

कुनै उम्मेदवारले उम्मेदवारीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन संयोजकबाट निर्दीस्त फारम प्राप्त गरी भरेर दस्तखत गरी बुझाउनु पर्नेछ।

भौतिकरुपमा उपस्थित हुन् नसक्ने भएमा इच्छुक सदस्यले इमेल ठेगाना smtuladhar@nset.org.np मार्फत जानकारी दिएमा पनि मान्य हुनेछ।

१६:३०-१७:०० बजे — **<u>उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन</u>**

**२०८१ श्रावण १३ गते आईतबार**

१०:००-१२:०० बजे — **<u>मतदान</u>**

आवश्यक संख्या भन्दा बढी उम्मेदवार भएमा मतदानको कार्यक्रम हुनेछ। एकजना सदस्यलाई एउटा मतपत्र दिइनेछ। उक्त मतपत्रमा उल्लेखित उम्मेदवारहरुमध्ये ६ जना उम्मेदवारको नामको दाहिनेतर्फको कोष्ठमा √ चिन्ह लगाएर मतपेटिकामा खसाल्नु पर्नेछ। भौतिकरुपमा उपस्थित हुन नसक्ने भएमा इच्छुक सदस्यले निवार्चन संयोजकले उपलब्ध गराएको Online फारममा चिन्ह लगाई निश्चित समयावधि भित्र Submit गर्नु पर्नेछ।

१२:००-१२:३० बजे — **<u>मत गणना तथा निर्वाचन परिणामको घोषणा</u>**

(क) मतदान सकिएपछि उम्मेदवारका प्रतिनिधिहरुको रोहबरमा मत गणना गरिनेछ। अधिक मत प्राप्त गरेको आधारमा ६ जना उम्मेदवारहरुलाई विजयी घोषणा गरिनेछ।

(ख) आवश्यक संख्या (६ जना) को मात्र उम्मेदवारी दर्ता भएमा नाम दर्ता भएका उम्मेदवारहरुलाई नै निर्विरोध निर्वाचित भएको घोषणा गरिनेछ।

(ग) आवश्यक संख्या (६ जना) भन्दा **कम** उम्मेदवारी दर्ता भएमा अर्को सूचना प्रकाशित गरी पुन: निर्वाचन गराइनेछ।

**मतदान हुने स्थान** : समाजको कार्यालय, भूकम्प अध्ययन सामुदायिक केन्द्र, "हिन्डोल" सभा कक्ष, भैंसेपाटी, ललितपुर तथा Online/ZOOM/Email बाट।

NSET
Disaster Resilient Communities in Nepal
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
National Society for Earthquake Technology-Nepal (NSET)

# एनसेट प्रबन्ध समितिको निर्वाचन सम्बन्धी जरुरी सूचना

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)को संशोधित विधान अनुसार नयाँ प्रबन्ध समितिको निर्वाचन मिति २०८१ श्रावण १३ गते आइतबार हुन लागेको बारे एनसेटका सम्पूर्ण सदस्य महानुभावहरुमा सूचित गरिन्छ। निर्वाचन प्रक्रियामा सक्रिय सहभागी हुन स्वदेश तथा विदेशमा रहनु भएका सबै सदस्यज्यूहरुमा हार्दिक अनुरोध छ। निर्वाचन सम्बन्धी विस्तृत जानकारीका लागि निर्वाचन संयोजकसँग २०८१ श्रावण ६ गतेदेखि सम्पर्क गर्न सकिने छ।

मिति: २०८१ श्रावण १३ गते आइतबार (२०२४ जुलाई २८)
समय: बिहान १० बजे देखि ३ बजेसम्म
स्थान: एनसेट कार्यालय, सैंबु, भैंसेपाटी, ललितपुर

निर्वाचन संयोजक
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET)
भैंसेपाटी, ललितपुर महानगरपालिका-२५, नेपाल, फोन नं.: (९७७-१) ५५९१०००,
इ-मेल: nset@nset.org.np, वेब साइट: www.nset.org.np